मिति २०७७।०८।१४ गते आइतवार अनुसन्धान तथा अभियोजन सुदृढ र प्रभावकारी बनाउने प्रयोजनार्थ जिल्ला सरकारी वकील कार्यालय, मुगुमा बैठक बसी निम्नबमोजिम निर्णयहरू गरिए।

**उपस्थिति**

१. सहायक जिल्ला न्यायाधिवक्ता विजयराज घिमिरे
२. जिल्ला प्रहरी कार्यालय, मुगुका प्रहरी निरीक्षक नरेश वि.क.
३. नासु सुनमाया मल्ल
४. नासु प्रकाशहरि धिताल
५. जिल्ला प्रहरी कार्यालय, मुगुका प्रहरी नायब निरीक्षक राजु पुरी

**छलफलका विषयहरू**

१. अनुसन्धान र अभियोजन प्रभावकारी बनाउने सम्बन्धमा
२. प्रतिकूल बकपत्र निरुत्साहित गर्ने सम्बन्धमा
३. विविध

**निर्णयहरू**

१. बुँदा नं १ का सम्बन्धमा अनुसन्धान प्रभावकारी बनाउन घटनास्थलको स्केच, तस्वीर र बिस्तृत विवरण मिसिल संलग्न गर्ने तथा घटनास्थलमा सरकारी वकीललाई पनि लैजाने। आपराधिक कृयाकलापसँग सम्बन्धित दशी प्रमाणहरू कानूनबमोजिम सङ्कलन गर्ने तथा परीक्षणका लागि पठाउनुपर्ने वस्तु यथाशीघ्र पठाउने निर्णय गरियो।

२. बुँदा नं २ का सम्बन्धमा सरकारी वकील र अनुसन्धान अधिकारीले बकपत्रको महत्त्वका बारेमा जाहेरवाला, पीडितलगायत घटनाका सम्बन्धमा जानकार व्यक्तिहरूलाई अवगत गराई जबरजस्ती करणीजस्ता मुद्दाहरूमा निरन्तर सुनुवाइका लागि अदालतलाई अनुरोध गरी यथाशीघ्र बकपत्र सम्पन्न गराउन पहल गर्ने निर्णय गरियो।

३. हाल अनुसन्धानको क्रममा रहेको ज्यानसम्बन्धी कसूर मुद्दामा एक जना प्रतिवादी नाबालक रहेको भनी प्रतिवादीले बयानमा खुलाएअनुसार निजको जन्मदर्ता प्रमाणपत्र वा नाबालक भएको खुल्ने आधिकारिक कागज मागी निज नाबालक भएमा निजको नाम तथा निजको बुवाआमाको नामसमेत परिवर्तन गरी मुद्दा पेश गर्नुपर्ने भएकोले सोबमोजिम गर्नुपर्ने तथा उक्त वारदातका सम्बन्धमा जानकार वडाध्यक्ष र इञ्जिनीयर तथा प्रतिवादीमध्येका एक जनाले आफ्नो बयानमा खुलाएअनुसार निजसँगसँगै जङ्गलमा जाने दुई जना महिलाहरूको घटना विवरण कागज गर्दा खुलाउनुपर्ने तथ्यहरूका सम्बन्धमा छलफल गरियो।